

# यसरी जोडिनुभयो कमरेड उत्तम महत कम्युनिष्ट आन्दोलनमा



- प्रमोद दाहाल

कमरेड उत्तम महत आमा कल्याणी र बुवा सुन्दर महतको जेठा छोराको रूपमा सिरहा, मिर्चैयाको जीवा गाउँमा २००३ साल बैसाख १३ गते जन्मनु भएको हो । उहाँका श्रीमती चुनु महत, एक भाइ र एक बहिनी हुनुहुन्छ ।

सामान्य परिवारमा जन्मनु भएका कमरेड महत विद्यार्थीकालमै राजनीतितर्फ आकर्षित हुनुभएको थियो । २०२० सालतिर जनतामा व्यापक निराशा छाएको थियो र जनता पञ्चायती शासनविरुद्ध विस्तारै जुर्मुराउँदै थिए । जनताको त्यही निराशालाई दृष्टिगत गर्दै कम्युनिष्ट पार्टीका नेताहरू गाउँ गाउँ र विद्यालयमा पुग्न थाल्दै थिए र विस्तारै जनतालाई पञ्चायत विरुद्ध सङ्गठित गर्न थालेका थिए ।

त्यसै क्रममा कमरेड महत सिरहाका किसान आन्दोलनका एक जना सशक्त नेता जयगोबिन्द साहको सम्पर्कमा पुग्नुभयो । साह तात्कालीन नेकपा चौथो महाधिवेशनका नेता हुनुहुन्थ्यो । त्यसबेला कम्युनिष्ट पार्टीको सदस्य हुन निकै नै गाह्रो थियो । नेता जयगोबिन्दको पहलमा कमरेड महतले २०२६ सालमा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभयो ।

२०२७-२८ सालतिरको झापा विद्रोहको प्रभाव पूर्वी नेपालका गाउँगाउँमा फैलिदै थियो । जताततै झापा विद्रोहको चर्चा चल्दै थियो । उता भारतको पश्चिम बङ्गालमा चारु मजुमदारको नेतृत्वमा नक्सलवादी आन्दोलन चर्किसकेको थियो । झापा विद्रोह पनि त्यही आन्दोलनको उपज थियो ।

पश्चिम बङगालमा नक्सलवादी आन्दोलनमा राज्यको चरम दमन पनि बढ्दै गएपछि नक्सलवादी नेता रबिन बोसलाई पार्टीले भारतको बिहार राज्य कमिटीको जिम्मेवारी दिएर दरभंगा पठाएको थियो । बिहारको दरभंगासँग सिमा जोडिएको धनुषातिर उनको आवत जावत बढ्न थालेको थियो । भूमिगत रूपमा उनी जनकपुर बस्न थालेका थिए । नेपालमा उनले किन नक्सलवादी आन्दोलन र झापा विद्रोह ठिक छ भनेर विद्यार्थी

र कम्युनिष्ट पार्टीका नेताहरूलाई बुझाउने गरेको कमरेड महत स्मरण गर्नुहुन्छ ।

सिरहामा श्रीरामसिंह घर्ती भन्ने अर्का एक नेता कमरेड महतसँग प्रभावित थिए । उनी नक्सलवादी नेता बोसको सम्पर्कमा पुगिसकेका थिए । तिनै श्रीरामसिंहले एक दिन बोसलाई लिएर कमरेड महतको घर जिवा पुगे । तीक्ष्ण बुद्धि भएका बोसले कमरेड महतलाई नक्सलवादी आन्दोलन र झापा विद्रोहको महत्वका बारेमा बुझाएको उहाँ बताउनुहुन्छ । त्यसबेला कमरेड महतले भर्खरै प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभएको थियो । कलिलै उमेरमा उहाँमा पनि झापा विद्रोहको प्रभाव पर्न सुरु भइसकेको थियो ।

प्रवेशिका उत्तीर्ण हुनेबेला उहाँको कमरेड चुनु महतसँग बालविवाह भएको थियो तर पनि उहाँले राजनीतिलाई सँगै अगाडि बढाउनु भयो । पढाइको सिलसिलामा उहाँ२०२९ सालमा काठमाडौं आउनुभयो ।

काठमाडौंमा तत्कालीन नेकपा चौंमका नेता कमरेड मणिलाल राईसँग कमरेड महतको भेट भयो । मणिलाल पनि सिरहाकै नेता हुनुहुन्थ्यो । २०२९ सालसम्म आइपुग्दा मणिलालमा पनि झापा विद्रोहको प्रभाव परिसकेको थियो । एक दिन कमरेड महतको डेरामा मणिलालले उहाँलाई भेट्नुभयो ।

२०३० सालतिरै कमरेड माधव नेपाल पनि कमरेड महतको सम्पर्कमा पुग्नुभयो । उहाँहरूबिचको छलफलपछि कमरेड महत तत्कालीन कोअर्डिनेशन केन्द्रसँगको सम्पर्कमा पुग्नुभयो । त्यसबेला काठमाडौंको कुनै होटेलमा कमरेड महत काम गर्दै पढ्दै गर्नुभएको थियो । सिरहाका उहाँका साथी बिके झा र उहाँमा विद्रोहको भावना बढ्दै गएको थियो ।

होटेलमा काम गर्ने क्रममा उहाँलाई भेट्न पर्यटकका रूपमा चारु मजुमदारका मानिसहरू बारम्बार गइरहन्थे । र, कमरेड महत पनि

आन्दोलनसँगै जोडिएको थाहा पाएर उनीहरू उहाँसँग छलफल गरिरहन्थे। कमरेड महत भन्नुहुन्छ- त्यसले पनि ममा झन् विद्रोहको भावना बढाउँदै गयो र म झन्झन् प्रभावित हुँदै गए।

२०३१ सालमा कोअर्डिनेशन केन्द्रको स्थापना भएपछि कमरेड महत २०३२ साल फागुनदेखि काठमाडौं छाडेर पूर्णकालीन कार्यकर्ताको रूपमा भूमिगत हुनुभयो।

२०३२ सालदेखि २०४० सालसम्म कमरेड महत आफ्नै जिल्ला सिरहा, उदयपुर, सप्तरी, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा भूमिगत रहेर पार्टी सङ्गठनको विस्तारमा लाग्नुभएको उहाँ सम्झना गर्नुहुन्छ। श्रीमती चुनु पनि समय समयमा उहाँसँगै भूमिगत रहन थाल्नुभएको थियो।

श्रीमती चुनु महतको स्वास्थ्य अवस्था जटिल बन्न थालेपछि उहाँ भूमिगत रहनुभएन, तर भित्री रूपमा पार्टीको जिम्मेवारी लिएर अगाडि बढ्ने सोचमा पुगेपछि तत्कालीन नेकपा मालेले उहाँलाई सार्वजनिक रूपमा काम गर्दै हेटौँडामा बसेर पार्टी काम गर्ने गरी जिम्मेवारी तोक्यो। त्यसपछि उहाँले हेटौँडाका विभिन्न उद्योगहरूका श्रमिकहरू बिचमा सङ्गठनको काम गर्न थाल्नुभयो। भूमिगत जीवनबाट उहाँलाई नेताहरू कमरेड माधवकुमार नेपाल र ईश्वर पोखरेलले विदाइ गर्नुभएको थियो।

हेटौँडापछि उहाँको बसाइ काठमाडौँमा हुन थाल्यो। २०३९ सालमा नेकपा मालेमा विवाद बढ्दै गएपछि पार्टीले भूमिगत रूपमा सञ्चालन गरेको त्यस बेलाको लेटर प्रेस सिपी मैनालीले आफ्नो कब्जामा लिनुभयो। त्यसपछि कमरेड महतले आफ्ना जेठा साला गणेश बिष्टलाई सञ्चालक बनाएर काठमाडौँको नरदेवीमा सुनकोशी छापाखाना नामको प्रेस सञ्चालनमा ल्याउनुभयो। साथै, पार्टीका प्रकाशनहरू र खासगरी चीन र तत्कालीन सोभियत सङ्घका कम्युनिष्ट पार्टीहरूको साहित्य र अन्य पुस्तकहरूको भूमिगत रूपमा कम्युनिष्ट कार्यकर्ताहरूबिच पुऱ्याउन लालिमा पुस्तक

पसल पनि सञ्चालन गर्नुभयो । सुनकोशी छापाखाना र लालिमा पुस्तक पसल मालेको भूमिगत सम्पर्क कार्यालय जस्तै थियो त्यसबेला ।

२०४२ सालमा नेपाली काँग्रेसले सञ्चालन गरेको सत्याग्रह आन्दोलनमा दमन गर्न पञ्चायती शासनले बम काण्ड गराएपछि लालिमा पुस्तक पसल र सुनकोशी छापाखानाका सामग्रीहरू जफत गर्दै उहाँलाई गिरफ्तार गऱ्यो । र, उहाँ जेल पर्नुभयो ।

तत्कालीन नेकपा मालेमा पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रताको विवाद चर्किंदै गएको थियो । सीपी गिरफ्तार भइसक्नुभएको थियो । सिपी जेल परेपछि केन्द्रीय सदस्य रहेका मणिलालले पार्टीभित्र बगावत सुरु गर्न थाले । उनले जिल्ला जिल्लामा गएर पार्टीभित्रको विवादलाई चर्काउन सुरु गरे । त्यसबेला भूमिगत रहनुभएका कमरेड महत लगायतका नेताहरूले मणिलाल विरुद्ध सङ्घर्ष सुरु गरेपछि पार्टी केन्द्रबाट उनी निष्काशित भएको घटनालाई उहाँ बिर्सन नसक्ने घटनाको रूपमा लिनुहुन्छ ।

सिपी जेलबाट छुटेपछि चारु मजुमदारको उग्रवादको लाइनको फेरि वकालत गर्दै पार्टीमा विवाद सुरु गर्न थाल्नुभयो । त्यति बेलासम्म पार्टीमा चारुको लाइन एउटा विदेशी अनुभव र उग्रवादी लाइन भएको तर नेपालको सन्दर्भमा त्योभन्दा भिन्न जनसङ्घर्ष मार्फत अगाडि बढनुपर्नेमा मतैक्यता बढ्दै गएको थियो । सिपी अल्पमतमा परेपछि आफूमाथि अन्याय भएको भन्दै पार्टीमा एक प्रकारले विद्रोह गर्ने प्रयास जारी राख्नुभएको थियो ।

सिपीको लाइनमा तत्कालीन ललितपुरको पार्टी कमिटीको नेतृत्व लागेपछि नेकपा मालेले कमिटी भङ्ग गरेर कमरेड उत्तमलाई जिल्ला कमिटीको नेतृत्व(सचिव) गर्ने जिम्मेवारी दियो । त्यसक्रममा उहाँले सिपीले गरिरहेको गडबडी विरुद्ध कार्यकर्ता र विद्यार्थीहरूलाई सङ्गठित गर्न थाल्नुभयो ।

२०४० सालमा पार्टीभित्रका गडबडियाहरू (त्यसबेला यही शब्द प्रयोगमा ल्याइएको थियो) को गतिविधि रोक्ने योजनाका साथ पार्टीले विस्तारित बैठक बोलायो । उपत्यकाबाट कमरेड बैठकमा सहभागी हुनुभयो । बैठकमा सहभागी नेताहरूले रिपोर्टिङ गर्नुभयो । कमरेड महतको पालो अन्तिमा थियो । कमरेड महतले रिपोर्टिङ गर्नु अघिसम्म सिपी गल्नुभएको थिएन । उहाँ त्यतिबेला पनि आफ्नो लाइन ठिक रहेको आफूमाथि पार्टीले अन्याय गरेको तर्क गरिरहनुभएको थियो । जब कमरेड महतले रिपोर्टिङ गरेपछि शानका साथ मञ्चमा बसिरहनुभएका सिपी एकाएक गल्न थालेको र अब मेरो भन्नु केही छैन, पार्टीले जे निर्णय गरे पनि मान्छु भन्न थालेको उहाँ स्मरण गर्नुहुन्छ ।

नेकपा एमालेको छैठौं र सातौं महाधिवेशनबाट उहाँले पार्टीको केन्द्रीय सल्लाहकार कमिटीको सदस्यको रूपमा जिम्मेवारी सम्हाल्नुभयो भने आठौं महाधिवेशनले गठन गरेको ज्येष्ठ कम्युनिष्ट मञ्चको केन्द्रीय कमिटीमा रहेर पार्टीको काम सम्हाल्नुभयो ।

पार्टीको नवौं महाधिवेशनले ७० वर्षको उमेरको हद लगाएपछि २०७१ सालपछि कमरेड महत पार्टीको कुनै पनि जिम्मेवारीमा हुनुहुन्न ।

कमरेड महतलाई पार्टीले २०५४ सालमा उदयपुर सिमेन्ट कारखानाको अध्यक्ष बनाएको थियो भने २०५६ सालदेखि २०६२ सालसम्म उहाँ राष्ट्रिय सभाको सदस्य रहनुभएको थियो ।

●